प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-२
जनकपुरधाम, धनुषा, नेपाल

फोन नं.०४१-५२३१३३
५२५३३८
५२५७३३
फ्याक्स नं.०४१-५२७१०१
टोल फ्रि नं.१६६०४१५२८४३

पत्र संख्याः २०७५/०७६

चलानी संख्याः ३२०६

मितिः २०७५।१२।१३

**विषय :-सूचना प्रवाह गर्ने सम्बन्धमा ।**

श्रीमान् प्रमुख ज्यू,
कञ्चनरुप नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
सप्तरी ।

प्रस्तुत विषयमा तहाँ गाउँ/नगरपालिकामा "मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ" अभियान अन्तरगतको छोरी शिक्षा बीमा मुद्दती/बचत कार्यक्रम लागु भएको यहाँलाई विदितै छ । सोही सन्दर्भमा, उक्त कार्यक्रममा सहभागि हुन चाहने छोरीको अभिभावकले निवेदनको साथमा पेश गर्नु पर्ने अन्य कागजातहरुको सूची सहितको सूचना यसै साथ संलग्न गरी पठाइएको छ। कार्यक्रमको कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउनु हुनको साथै यस सम्बन्धी सूचनालाई तहाँ कार्यालय र सम्बन्धित वडा कार्यालयहरुको सूचना पाटीमा टाँस गराई सो सम्बन्धमा सम्बन्धित अभिभावकहरुलाई जानकारी हुने गरी सूचना प्रवाह गरी सहयोग गरी दिनु हुन आदेशानुसार अनुसार गरिन्छ ।

(सुशील श्रेष्ठ)
उप-सचिव

प्रदेश सरकार
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
प्रदेश नं.-२
जनकपुरधाम, धनुषा, नेपाल

फोन नं. ०४१-५२३१३३
५२५३३८
५२५७३३
टोल फ्रि नं. १६६०४१५२८४३

मितिः-२०७५।१०।१७

# सूचना

यही २०७५ माघ १ गते देखि जन्मेका छोरीहरुलाई "मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ" अभियान अन्तरगतको छोरी शिक्षा बीमा मुद्दती/ बचत कार्यक्रममा सहभागी गराउन चाहने अभिभावकहरुले छोरी जन्मेको मितिले १८० दिन भित्र तपशिलका कागजातहरु संलग्न गरी यस कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>आवश्यक कागजातहरु :</u>**

१. छोरीको जन्म दर्ता प्रमाण पत्रको जारी गर्ने स्थानीय तहबाटै प्रमाणित प्रतिलिपि ।

२. अभिभावक मध्ये एक वा दुवैको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

३. छोरीको पासपोर्ट साइजको फोटो थान- ६

४. अभिभावक/ संरक्षकको पासपोर्ट साइजको फोटो (PP Size) थान- ६

५. वैकल्पिक स्याहारमा रहेको व्यक्तिको हकमा संरक्षण गर्ने संस्थाका प्रमुखको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, संस्थाले संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपि र संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

६. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपि ।

७. छोरी शिक्षा बीमा/मुद्दती बचत खाता कार्यक्रममा सहभागी गराइ दिने व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।